## धनकुटा नगरपालिकाको १६ औं नगरसभा सम्पन्न

धनकुटा नगरपालिकाको १६ औं नगरसभा अधिवेशन २०८२ असार १० गते सम्पन्न भएको छ। नगरप्रमुख श्री चिन्तन तामाङको अध्यक्षतामा सम्पन्न अधिवेशनबाट आर्थिक वर्ष २०८२/०८३ का लागि नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन, न्यायिक तथा लेखा समितिको प्रतिवेदन सर्वसम्मत रूपमा पारित गरिएको छ।

सभाबाट पारित नीति तथा कार्यक्रममा नगरपालिकाले आगामी आर्थिक वर्षका लागि कुल **१ अर्ब १२ करोड २५ लाख २२ हजार ७३० रुपैयाँ**को बजेट पारित गरेको छ। यसमध्ये **५३ करोड ७० लाख ३३ हजार ४७६ रुपैयाँ चालु खर्चतर्फ** र **५८ करोड ५४ लाख ८९ हजार ५२४ रुपैयाँ पूँजीगत खर्चतर्फ** विनियोजन गरिएको छ।

नगर प्रमुख श्री तामाङले नीति तथा कार्यक्रम सभा समक्ष प्रस्तुत गर्नुभएको थियो भने उपप्रमुख श्री भीमादेवी खनालले आर्थिक ऐन, विनियोजन ऐन र न्यायिक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। लेखा समितिको प्रतिवेदन समितिका संयोजक श्री गोविन्द राईले पेस गर्नुभएको थियो।

## वाडाङ्गमेटलाई बिशेष चाड घोषणा

सभामा नगरप्रमुख श्री तामाङले आठपहरिया समुदायले मनाउने **मंसिरे चाड (वाडाङ्गमेट)** लाई धनकुटा नगरको **विशेष चाड (Flagship Festival)** को रूपमा मनाउने प्रस्ताव पेस गर्नुभएको थियो। चाडको अवसरमा नगर क्षेत्रभित्र **२ दिन सार्वजनिक बिदा** दिने र स्थानीय राजपत्रमा प्रकाशन गरी चाडलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रचार—प्रसार गर्दै पर्यटनसँग जोड्ने प्रस्ताव पनि सभाबाट सर्वसम्मत रूपमा पारित गरिएको छ।

## सम्मान, पुरस्कार तथा प्रशंसा वितरण

सभाको अवसरमा विभिन्न क्षेत्रबाट योगदान पुऱ्याउने व्यक्तित्व, संस्था तथा कर्मचारीहरूलाई सम्मान गरिएको छ। सम्मानितहरू निम्नानुसार छन्ः

### समुदाय तथा उत्पादन क्षेत्र

१। **सहकारी संस्था** – जनउत्थान बहुउदेश्यीय सहकारी संस्था लि., वडानं. ६
२। **पशुपालन** – श्री विनोद राई, वडानं. ४
३। **तरकारी उत्पादन** – श्री कुमार कार्की, वडानं. २

४। **खाद्यान्न उत्पादन** – श्री लोकबहादुर थापा, वडानं. २
५। **उद्यमी** – श्री राजेश विश्वकर्मा, खुकुरी उद्योग, वडानं. ४
६। **फलफूल तथा पशुपालन** – श्री रामकृष्ण श्रेष्ठ, वडानं. ९
७। **उपभोक्ता समिति** – लुङदाङ तोरीबारी गराबारी जल उपभोक्ता संस्था, वडानं. ३
८। **टोल विकास संस्था** – टोड्के टोल विकास संस्था, वडानं. ७
९। **करदाता** – श्री दिपेन्द्र पराजुली, वडानं. ७

## उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी

- कार्यालय सहयोगीः श्री कृष्ण बहादुर राई, वडा नं. ८
- सरसफाइकर्मीः श्री माणिकलाल राई
- नगर प्रहरीः श्री देवेन्द्र थापा
- वडाका सहायक कर्मचारीः श्री रुपा वनेम, वडा नं. २
- विषयगत प्राविधिकः श्री ताराणी श्रेष्ठ
- वडा सचिवहरूः श्री कृष्ण प्रसाद भण्डारी र श्री नेत्र प्रसाद काफ्ले
- लेखा अधिकृतः श्री रत्न बहादुर जिमि राई
- इन्जिनियरः श्री मिङ्मा दोर्जी शेर्पा

नगरसभाको यो अधिवेशन नीति, कार्यक्रम, बजेट र व्यवस्थापन पक्षमा महत्त्वपूर्ण निर्णयहरूसहित सफलतापूर्वक सम्पन्न भएको छ।